नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ०७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 23 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८७

## पर्साको ९० प्रतिशत गणना सकियो


टोल–टोलमा गणना गर्दै गणक र सोको सुपरीवेक्षण गर्दै सुपरीवेक्षकहरू । तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, ६ मङ्सिर/

जिल्ला जनगणना कार्यालय, पर्साले कात्तिक २५ गतेदेखि जारी राष्ट्रिय जनगणना अन्तर्गत पर्सा जिल्लामा ९० प्रतिशत गणना भइसकेको जनाएको छ।

जिल्ला जनगणना कार्यालय, पर्साका अमृतकुमार खड्काले इन्टरनेट समस्याले गणना भएका सबै कुरा अद्यावधिक हुन नसकेको र यो अवधिमा ९० प्रतिशत गणना भएको बताए। कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म हुने राष्ट्रिय जनगणना २०७८ का लागि पर्सामा १४२ जना सुपरीवेक्षक र ५५६ जना गणक परिचालित छन् ।

वीरगंजका दुई स्थानमा, पर्सागढी, विन्ध्यवासिनी, कालिकामाई, जीराभवानी गरी छ ठाउँमा केन्द्र बनाएर १४ वटै पालिकाको गणना भइरहेको छ। पर्सा जिल्लामा पहिलो चरणमा गरिएको गणनामा ९३ हजार १४० घरधुरी र १ लाख १७ हजार ६२१ परिवार गणना भएका थिए। उनीहरूको अहिले सम्पूर्ण विवरण सङ्कलन भइरहेको छ ।

## प्रदेश २ मा काङ्ग्रेस बुथ सभापतिको चयन प्रक्रिया सकियो

प्रस, वीरगंज, ६ मङ्सिर/

नेपाली काङ्ग्रेसको प्रदेश २ मा बुथ समितिको निर्वाचन अन्तिम चरणमा रहेको संयोजक रमेश रिजालले बताएका छन् ।


सखुवाप्रसौनी गापामा सम्पन्न नेकाको वडा अधिवेशन । तस्वीरः फाइल

प्रदेशका सात जिल्लामा कात्तिक २७ गतेदेखि र पर्सामा मङ्सिर १ गतेदेखि बुथ समितिको निर्वाचन भइरहेको छ । प्रदेश संयोजक रिजालले बुथ समितिको निर्वाचनमा मात्र बढी समय लागेको र अन्य निर्वाचन चाँडो हुने बताए । बुथ समितिको चुनावपछि पालिका, प्रदेश, क्षेत्र र जिल्ला अधिवेशन र अन्त्यमा महाधिवेशनको तालिका छ। काङ्ग्रेसको महाधिवेशन यही मङ्सिर हुने तय छ।

प्रदेश २ मा काङ्ग्रेसको प्रतिनिधि छनोटको लागि छठ पर्वपछि प्रक्रिया शुरू भएकोले महाधिवेशनसम्म तालिका अनुसार निर्वाचन नहुने आशङ्का पनि गरिँदैछ ।

**पर्सा/बारामा बुथ समितिको निर्वाचन सम्पन्न**

यसैबीच, पर्सा र बारामा बुथ समितिको निर्वाचन सम्पन्न भएको छ। पर्सा जिल्लामा ११२ वटा बुथ समितिको निर्वाचन हुनुपर्नेमा छिपहरमाई गापा–५, मिर्जापुर र पर्सागढी नगरपालिका–६ को मुद्दा अदालतमा विचाराधीन भएकाले सोबाहेक सबै बुथ समितिको निर्वाचन सम्पन्न भएको प्रमुख निर्वाचन अधिकृत नरेन्द्र केसीले बताए । उनले सोमवार दुईवटा बुथ समितिको निर्वाचन भएसँगै बुथ समितिको निर्वाचन प्रक्रिया सकिएको बताए ।

यसैगरी, बाराका प्रमुख निर्वाचन अधिकृत राजन दाहालले १६७ वटा बुथ समितिको निर्वाचन सम्पन्न भएको बताए। उनले बुथ समितिको निर्वाचन सम्पन्न भएपनि केही बुथ समितिमा उजूरी परेकाले सोबारे छानबीन भइरहेकाले औपचारिक घोषणा हुन नसकेको बताए ।

**सबै बुथ सभापति सर्वसम्मत**

प्रदेश २ मा सबै बुथ सभापति सर्वसम्मत चयन भएका छन् । ढिलो गरी बुथ समितिको निर्वाचन यो प्रदेशमा भएकोले प्रायः सबै बुथ समिति सर्वसम्मत चयन भएको बताइएको छ। बुथ समिति सर्वसम्मत भएकोले अन्य छनोट पनि सर्वसम्मत गरिने प्रयास हुने स्रोतले जनाएको छ। निर्वाचन प्रक्रियामा जाँदा महाधिवेशन प्रतिनिधि छनोट प्रक्रिया ढिला हुन जाने भएकोले सर्वसम्मतको प्रयास भइरहेको काङ्ग्रेस स्रोतले जनाएको छ ।

## करसम्बन्धी ऐन कानूनको बर्खिलाप गर्नेलाई कारबाई –प्रमुख कर अधिकृत

प्रस, जीतपुर, ६ मङ्सिर/

करसम्बन्धी प्रचलित ऐन, नियम र सरकारको नीति निर्देशनविपरीत काम


तस्वीरः प्रतीक

गर्ने जोसुकैलाई प्रचलित ऐन कानून बमोजिम कारबाई गरिने आन्तरिक राजस्व कार्यालय, सिमराका प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीले बताएका छन् ।

जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घको सभाहलमा दशौं कर दिवसको साताव्यापी कार्यक्रम अन्तर्गत सोमवार आयोजित अन्तर्क्रियामा प्रमुख कर अधिकृत भण्डारीले विनाकारण कसैलाई जरिवाना, कारबाई नगरिने र गरिएकाहरूले पनि आफूविरुद्ध अन्याय भएको ठानी अदालतमा उजूरी गर्न सक्ने बताए ।

उनले कर कार्यालयको नियत अनावश्यक जरिवाना र कारबाई नगर्ने भन्दै करसम्बन्धी ऐन, कानूनको बर्खिलाप गर्नेलाई भने बाँकी पनि नराख्ने चेतावनी दिए । उनले करसम्बन्धी कुनै द्विविधा भएको खण्डमा व्यवसायीहरूले कार्यालय समयमा जानकारी लिन पाउने बताए ।

जीतपुरसिमरा नगर उवासङ्घका अध्यक्ष सञ्जयकुमार साहले सरकारको आर्थिक लक्ष्य पूरा गराउने काममा आफूहरू सहभागी भएको तर सो अनुसारको सरकारले व्यवहार नगरेको भन्दै दुःखेसो पोखे । उनले कर उठाउने सरकारले सोअनुरूपको सेवा सुविधा पनि प्रवाह गर्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा सङ्घका उपाध्यक्ष मोहन शर्माले स्वागत गरेका थिए भने सहभागीहरूलाई कर अधिकृत राजन विकले करसम्बन्धी जानकारी गराएका थिए ।

कार्यक्रममा सुनचाँदी व्यवसायी सङ्घका अध्यक्ष शिवजी सोनार, सुन व्यवसायी प्रेमलाल साह सोनार, किराना व्यवसायी रामबाबू गुप्ता, राजकुमार गुप्ता, श्यामबाबू साह, पुस्तक व्यवसायी श्रवण गुप्ता, होटल व्यवसायी मोहन शर्मालगायतले जिज्ञासा राखेका थिए । उनीहरूको जिज्ञासाको उत्तर प्रमुख कर अधिकृत भण्डारीले दिएका थिए ।

## ठोरीमा गाँजाखेती फँडानी

चिरञ्जीवी सापकोटा, ठोरी, ६ मङ्सिर/

ठोरी गाउँपालिकामा लगाइएको गाँजाखेती प्रहरीले फँडानी गरेको छ ।


तस्वीरः प्रतीक

सशस्त्र सीमा सुरक्षा बल बिओपी ठोरीका सशस्त्र प्रहरी निरीक्षक शङ्कर कोइरालाको नेतृत्वमा ब्रह्मनगर र सीमा प्रहरी कार्यालयमा कार्यरत प्रहरीहरूले संयुक्तरूपमा सोमवार ठोरी–३ बुद्धनगर र रामनगरमा लगाइएको गाँजाखेती फँडानी गरेको हो। बुद्धनगर र रामनगरमा गरी करीब दुई बिघा गाँजाखेती फँडानी गरिएको सप्रनि कोइरालाले बताए । यसअघि ठोरी गापाबाट दुईपटकमा १९ बिघा गाँजाखेती जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले फँडानी गरेको थियो । प्रहरी र सशस्त्र प्रहरीले लगातार गाँजा फँडानी गरेसँगै यसपटक ठोरी गापाका विभिन्न स्थानमा लुकीछिपी गाँजाखेती भएको गाइँगुइँ यहाँका चियापसल र चोकमा शुरू भएको छ ।

## पर्यटकको लागि ठोरीको ठुटे खोला र बुद्ध स्टोन पार्क सेल्फी केन्द्र बन्दै

प्रस, सेढवा, ६ मङ्सिर/

ठोरीको ठुटे खोलाको पुल र बुद्ध स्टोन पार्क सेल्फी लिनका लागि केन्द्र बन्दै गएका छन् ।



तस्वीरः प्रतीक

प्रदेश नं २ को पर्यटकीय स्थलको रूपमा रहेका ठोरी गाउँपालिका वडा नं २ का यी स्थानहरू फोटो खिच्न तथा सेल्फीका लागि केन्द्र बनेका छन्। ठुटे खोलाको पुलमा नेपालको झन्डा स्थापना भएसँगै फोटो खिच्न तथा सेल्फी लिने आन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्यामा वृद्धि भएको स्थानीय बताउँछन्।

भारतको बिहार राज्य पश्चिमी चम्पारण जिल्लाको नरकटियागंज निवासी अमित कुमारका अनुसार धेरै पहिलेदेखि ठोरी घुम्न आउने गरेको बताए । सडक, पुल निर्माण तथा हुँदै गरेका विकासका कारण ठोरी आउने भारतीय पर्यटकको सङ्ख्या बढेको अमित कुमारको भनाइ छ । शान्त तथा चीसो हावासँगै जङ्गल तथा पहाडसहितको दृश्यको तस्वीर बनाएर सञ्जालमा राख्ने प्रचलन नै भएको अमित कुमारले बताए।

त्यस्तै, रूखको सामान्य जरा तथा ढुङ्गा प्रयोग गरी निर्माण गरिएको बुद्ध स्टोन पार्क त्यत्तिकै मनमोहक भएको जगरनाथपुर गाउँपालिका वडा नं ३ गढैयाका शिक्षक मोहन साहले बताए। बाटो छेउछाउमा फालिएका ढुङ्गाबाट हुलाकी सडककै छेउमा निर्माण गरिएको सो पार्कमा सधैं पर्यटकहरूको फोटोशेसन चलि नै रहेको साहको भनाइ छ । सो पार्कलाई पर्यटकहरूले टिकटक पार्कसमेत भन्ने गर्छन्। सो पार्क स्थानीय बुद्धिबहादुर गुरुङको एकल प्रयासमा निर्माण भएको हो। गुरुङले आफ्नै अर्थ तथा श्रम लगानी गरी सो पार्क निर्माण गरेको बताए। टेम्पो चालक गुरुङ रूखको जरा तथा ढुङ्गा बटुलेर सो पार्कलाई सिङ्गार्दै आएको बताउँछन्। कोभिडका कारण लागेको दोस्रो लकडाउनको बेलादेखि सो पार्कको निर्माण शुरू गरेको र हाल पनि निर्माण भइरहेको गुरुङले बताए।

दुर्घटनाबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

## विचारसार र सूक्तिहरू

**जुन परिस्थितिलाई मनले स्वीकार गर्छ, त्यही सुख हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## त्रास हरायो, काममा बियाँलो

**अहिले साँच्चीकै कोरोनाको त्रास सबैको मनबाट हराएको छ, यद्यपि कोरोना हराएको छैन । प्रत्येक देशमा, प्रतिदिन मानिस सङ्क्रमित भइरहेका छन्, अस्पताल भर्ना भइरहेका छन्, ज्यान पनि गुमाइरहेका छन् । एकताका नेपालमा बन्द नभएको हप्ता भन्दा आश्चर्य लाग्थ्यो । त्यसैगरी अब मानिस मर्नु समाचार बन्दैन, नमर्नु समाचार बन्ने समय आएको छ । बितेको शनिवार बङ्गलादेशमा कोरोनाको कारण कसैको मृत्यु भएन, यो अन्तर्राष्ट्रिय समाचार बन्न पुग्यो । कालचक्रको कुरा हो, एक वर्ष पहिले पनि कोरोनाको त्रास हराएको थियो, तर लगत्तै पहिलेभन्दा जक्खड कोरोना भेरिएन्टले सबैको सातोपुत्लो लियो । अहिले पनि बेला–बेला थप मारक भेरिएन्ट पलाउने स्वास्थ्यविद्हरूले अनुमान लगाउँदै छन् । हुनत कोभिडविरुद्ध खोपले त्रास हटाउन ठूलो सहयोग पुर्‍याएको हो । तर खोपले निश्चित समयसम्म मात्र काम गर्छ । ६ महीना वा वर्ष दिनपछि यसको प्रभाव समाप्त हुन्छ । कोरोना त्यही ताकमा बसेको हुन सक्छ । यसर्थ नागरिकस्तरमा जसरी स्वास्थ्य मापदण्ड परित्याग गरिएको छैन, सरकारले सम्भावित जोखिमको आकलन गरेर यस बेला सक्रिय हुनुपर्छ, बियाँलो उचित होइन ।**

**सरकारले गर्ने काममध्ये क्वारेन्टाइन, अक्सिजन, औषधि, खोप र कोरोना अस्पतालको विकल्पलाई थाती राख्नुहुँदैन । विकसित मुलुकहरूले अहिलेदेखि नै बुस्टर डोज लगाउन शुरू गरिसकेका छन् । यो डोज भनेको हामीले जुन मात्रामा खोप लियौं, त्यसभन्दा बढी र प्रभावकारी खोप हो । अहिलेसम्म देशले सामान्य खोप नै सबैलाई लगाउन नसकेको अवस्थामा बुस्टर डोजको उपलब्धता परको कुरा हो । नागरिकस्तरमा स्वास्थ्य मापदण्डको पालना जारी रहने हो भने प्रतिकूल अवस्था आइ नै लाग्यो भने पनि त्यसले जनधनको त्यति सारो क्षति नगर्ला । तर सरकार तयारी अवस्थामा रहनुपर्छ । सरकारले निर्माण गर्ने भनेको होल्डिङ सेन्टर सबभन्दा प्रभावकारी अवरोध साबित हुनेछ, कोरोना प्रसारणविरुद्ध । सरकारले होल्डिङ सेन्टर बनाउन शुरू पनि गरेको छ, तर नेपालमा त सरकारको काम कहिले जाला घाम भन्ने उक्ति परम्परादेखि आजसम्म अपरिवर्तित छ । ज्यान जाला समयमा कुनै काम हुँदैन । खाँचो परेको चीज त बनाउन दशकौं लाग्छ, होल्डिङ सेन्टरको त अहिले कुनै खाँचो देखिएको छैन । होल्डिङ सेन्टर कोरोनाविरुद्ध लडाइँको पहिलो आवश्यकता हो । बितेको कोरोना चरणहरूमा हामीले जानेको यथार्थ के हो भने कोरोनाको नेपालमा उत्पत्ति भएको होइन । यो नेपाल आउने व्यक्तिहरूबाट सङ्क्रमण सरेर फैलिएको हो । यसर्थ बाहिरबाट आउनेहरूलाई होल्डिङ सेन्टर (क्वारेन्टिन) मा राखेर उचित परीक्षणपछि नेपाल प्रवेश दिने हो भने, यो सानो सतर्कताले मात्रै हामीलाई यसको उपचार, रोकथामको तमाम कार्यविधि गर्नैपर्दैन ।**

**समयमा चेतेर प्रतिरोधको काम गर्नु बुद्धिमानी हो । समय घर्केपछि आगलागी भइरहँदा कुवाँ खन्ने हतारोको उपमा बन्न जान्छ । होल्डिङ सेन्टरको निर्माणका लागि कार्ययोजना बनाउने, बजेट पास गर्ने झन्झट पनि छैन । निर्माण कार्य नै प्रारम्भ भइसकेको छ । त्यसको समयमा सम्पन्नता आजको कार्यभार हो । त्यति मात्रले भोलि जस्तोसुकै भयावह भेरिएन्टलाई निस्तेज बनाउन सकिन्छ । कोरोनाले यो पहिलो किला छिचोलिहाल्यो भने पनि हामीसँग यति जनशक्ति छ कि त्यससँग जुध्न सकिन्छ । मूल कुरा हो काममा बियाँलो नहोस्, समयमा होल्डिङ सेन्टर बनोस् ।**

# कोप २६ र नेपालको प्रतिबद्धता

स्वतन्त्र विचार



विनोद गुप्ता

**विचार गरौं, यो सडकको सट्टा त्यति बेला हुलाकी राजमार्ग बनेको भए कति वनजङ्गल विनाश हुने थियो ? चुरेको फेदमा त्यति बेला बस्ती नै थिएन र भएको भएपनि अहिले तराईका जिल्ला सदरमुकामलाई पूर्व–पश्चिम राजमार्गसँग जोड्ने उत्तर मार्ग बनाउँदा क्षति कति न्यूनीकरण हुने थियो ?**

कोप २६ समाप्त भएको छ। यसमा धनी राष्ट्रहरूले गरीब राष्ट्रहरूलाई सफा ऊर्जा उत्पादन गर्न सहयोग गर्नेबारे सहमति भयो तर धनी एवं विकसित राष्ट्रहरूले जम्मा १८ प्रतिशत जनसङ्ख्याको लागि वायुमण्डलमा प्रसारण गरिरहेको करीब दुई तिहाइ कार्बन नियन्त्रण गर्नेबारे केही ठोस सहमति भएको समाचार भने बाहिर आएको छैन । प्रतिबद्धता भने पेरिस सम्झौता पाला गर्ने भनी व्यक्त भइरहँदा नासाको प्रक्षेपण अनुसार सन् २०३० सम्ममैं पृथ्वीको तापक्रम १.९ डिग्री सेल्सियसले बढ्न सक्ने अनुमान गरिएको छ । यो प्रक्रिया कायमै रहेमा आउँदो तीस वर्षमा विश्वभरिबाट करीब ३० करोड मान्छेलाई स्थानान्तरित गर्नुपर्नेछ किनभने विश्वका कैयौं शहर र देश समुद्रको गर्भमा जानेछन् । बढ्दो तापक्रमका कारण गरीब एवं अल्पविकसित राष्ट्रका किसान र मजदूर जो खुला ठाउँमा काम गर्न बाध्य हुन्छन्, उनीहरूको मृत्युदर डिहाइड्रेशन र सन स्ट्रोकबाट बढ्नेछ र त्यसैगरी हृदयघातको खतरासमेत बढ्नेछ ।

यस सम्मेलनमा नेपालले सन् २०३० सम्म वनविनाशलाई शून्यमा पुर्‍याउने लक्ष्य लिएको घोषणा गरेको छ । यो हुन सक्नु धेरै राम्रो हो तर के यो वर्तमान नेपालको परिप्रेक्ष्यमा सम्भव छ। नेपालको सबै जलविद्युत् आयोजना सफा प्रविधिमा आधारित छन् र अहिले करीब दुई हजार मेगावाट उत्पादन हुँदा नै दिनमा दुई सय र राति करीब चार सय मेगावट विद्युत् खेर गइरहेको छ । हुनत बङ्गलादेश र भारतसँग पनि निर्यात गर्ने र बढाउने प्रयास भइरहेको छ तर नभएसम्म त खेर गइरहेको मान्नुपर्छ। आन्तरिक खपत बढाउन सार्वजनिक गरिएका योजनाहरूमा इन्डक्शन चुलोको प्रयोगमा सर्वाधिक जोड दिइएको पाइन्छ । यो प्रयोग शहरमा मात्रै सीमित हुने र ग्रामीण क्षेत्रमा प्रभावकारी नहुने तथ्य जगजाहेर छ । शहरी क्षेत्रमा इन्डक्शनको प्रयोग राम्ररी भएमा ग्याँसको आयात घट्ने हो, वनविनाश होइन । किनभने गाउँमा बस्ने अधिकांशले आज पनि काठ दाउराकै प्रयोग गर्ने गरेको पाइन्छ । तसर्थ सरकारले अर्थमन्त्री जनार्दन शर्माले भनेझैं ठूलठूला होटललगायतका ग्याँसको अत्यधिक प्रयोग गर्ने प्रतिष्ठानहरूमा विद्युत्को प्रयोग अनिवार्य गर्नुपर्दछ। अब जहाँसम्म वनविनाश रोक्ने कुरा छ, मेरो अनुमानमा नेपालमा उद्योग र वाहनसमेत गरेर हुने प्रदूषण कुल प्रदूषणको १२ देखि १५ प्रतिशत मात्रै छ भने बाँकी ८५–८८ प्रतिशत वनविनाशका कारण नै भइरहेको छ। नेपाल सरकारले छनोट गरेका पहिले र अहिलेको खासगरी यातायातजन्य आयोजना सबै वनविनाशलाई प्रश्रय दिने खालका नै छन्।

सबैभन्दा पहिले त पूर्व–पश्चिम राजमार्ग नै हो, जुन रणनीतिक उद्देश्य लिएर यसको निर्माण भएको थियो, त्यो पूरा भएपनि नभए पनि नेपालको चार कोसे झाडीको श्राद्ध नै गरिदिन यो योजना अत्यन्त सफल भएको मान्नुपर्छ । यस सडकले चार कोसे झाडीलाई तराई, पहाड र सडकको दुवैतर्फबाट दोहन गर्ने बाटो खोलिदिएर नेपालको वातावरण प्रणालीलाई नै ध्वस्त बनाउन ठूलो मदत गरेको छ। विचार गरौं, यो सडकको सट्टा त्यति बेला हुलाकी राजमार्ग बनेको भए कति वनजङ्गल विनाश हुने थियो ? चुरेको फेदमा त्यति बेला बस्ती नै थिएन र भएको भएपनि अहिले तराईका जिल्ला सदरमुकामलाई पूर्व–पश्चिम राजमार्गसँग जोड्ने उत्तर मार्ग बनाउँदा क्षति कति न्यूनीकरण हुने थियो ?

वैज्ञानिक धारणा पनि प्राकृतिक बाधाहरूलाई सकेसम्म लामो चिरा नपार्ने र आवश्यक भए छोटो दूरीको भर्टिकल मार्ग वा सुरुङ मार्ग प्रयोग गर्ने अवधारणा हो। यो विगत भएकोले अब नेपाललाई यो अवस्थामा फर्काउन सम्भव छैन तर न्यूनीकरणको लागि (क) हुलाकी राजमार्गको निर्माण पूरा गर्ने (ख) पूर्व–पश्चिम वा महेन्द्र राजमार्गलाई पर्यटक पथमा परिणत गरी टोल टैक्स लगाउने, जसले गर्दा त्यस सडकमा वाहन र यात्रुको चाप घट्दै गएर बजारहरूबाट हुलाकी मार्गको व्यस्तता बढोस् । यसबाट वनविनाश घट्ने र जीवजन्तुको सङ्ख्या बढ्न सक्ने देखिन्छ। त्यसैगरी, करीब–करीब निर्माण पूरा भएको मध्य पहाडी लोकमार्गमा निर्माण हुने सेटेलाइट शहरहरूको आवश्यकता पूर्ति गर्ने दबाब वनजङ्गलमाथि नै पर्ने स्पष्ट छ । यसले पनि नपुगेर विद्युत् खपत बढाउन निर्माणाधीन पूर्व–पश्चिम रेलमार्गका साथै २४ लाख बिरुवा काटेर बनाइने भनिएका निजगढ अन्तर्राष्ट्रिय विमानस्थल सरकारको योजनामा रहँदारहँदै वनविनाशलाई २०३० सम्ममा शून्यमा झार्ने प्रस्ताव सचेतनाका लागि भएपनि सरकारले आम नागरिकसमक्ष छलफलका लागि प्रस्तुत गर्नुपर्दछ ।

नेपालको तर्फबाट अत्यन्त महत्त्वका साथ उठाइँदै आएको हिमाली क्षेत्रको पर्यावरणको मुद्दाले स्थान वा सम्बोधन पाएको खबर आइरहँदा मेलम्चीको बाढी र दुई/चार दिन अगाडि नै गएको मुस्ताङको हिम पहिरोले भने नपर्खिने चेतावनी दिइरहेको छ। हिमाली भेगमा हिउँ खस्नुको साटो पानी पर्न थाल्नु प्राकृतिक सन्तुलन डरलाग्दो गरी बिग्रिएको सङ्केत हो । यस्तो अवस्थामा भारतले सन् २०५० सम्ममा कार्बन उत्सर्जनलाई नेट जीरोमा राख्ने प्रतिबद्धता व्यक्त गर्नु र चीन, अमेरिका र युरोपेली मुलुकहरूले समेत जीरो नभई नेट जीरोमा प्रतिबद्धता व्यक्त गरिरहनु र अल्पविकसित एवं विकासशील देशहरूलाई सफा ऊर्जा उत्पादनमा सहयोग गर्ने नारा दिइरहनुबाट नै यो सम्मेलनले पनि विकसित राष्ट्रको उत्सर्जनको कारण अति प्रभावित अल्पविकसित राष्ट्रहरूलाई एक खर्ब अमेरिकी डलर पाउन २०२३ सम्मको लागि ललिपप देखाइदिएका छन्। अरूको त कुरै छाडौं, हाम्रो दक्षिणी छिमेकीको नेट जीरोको प्रतिबद्धताको प्रभाव अहिले राजधानी दिल्लीमा देखिएको छ। त्यहाँको हावामा सास फेर्दा एक दिनमा २० वटा चुरोट खाएसरहको हानि त्यहाँका नागरिकले बेहोर्नुपरिरहेको छ । तात्कालिक समाधानको रूपमा सबै शिक्षण संस्था अनिश्चितकालको लागि तथा निर्माणजन्य कार्यहरू २१ नोभेम्बरसम्मको लागि बन्द गरिएका छन् । भारतको वायु प्रदूषित हुँदा स्वभावतः नेपाल र खासगरी तराई क्षेत्रको वातावरणमा प्रभाव पर्दछ। त्यसैले यसको न्यूनीकरणको लागि भारतले अब आफ्नो प्रयासका साथै नेपालको महाकाली परियोजना निर्माण गर्ने तथा अन्य परियोजनाबाट समेत बिजुली किन्न खोलेको बाटो सुगम पारिदिनु स्वयम् भारतकै हितमा समेत हुनेछ ।

दिल्ली जस्तै काठमाडौंमा प्रदूषण बढेपछि मात्र यसले चर्चा पाउने गरेको यथार्थताको सम्बन्धमा एउटा कुरा सबै सरोकारवालाहरू हामीले के स्मरण गर्न आवश्यक छ भने लकडाउनको अवधिमा समेत सिमरामा राखिएको प्रदूषणसूचक यन्त्रमा रातो बत्ती बलेको समाचार आएको थियो तर अहिले कुन बत्ती बलेको छ र प्रदूषण कति पिपिएम छ भन्ने जानकारी कतैबाट सार्वजनिक भएको छैन । सय पिपिएमसम्म राम्रो, १५०–२०० सम्म असन्तोषजनक र दुई सयभन्दा माथि खतरनाक मानिएको वायु प्रदूषणको स्तर वीरगंज र समग्र तराई क्षेत्रमा कति छ कसैले वा कुनै निकायले जानकारी मात्रै पनि सार्वजनिक गरिदिए चेत भएकाहरूलाई सचेत हुने अवसर त पाइने थियो । कथाको अन्त्य फेरि उही 'नव दिन चले अढाई कोस' नै भएको छ। २१ नोभेम्बर आइतवार द काठमाडू पोस्टमा प्रकाशित समाचार अनुसार वीरगंजको एक्युआई शनिवारको दिन १८३ रहेको थियो । सम्भवतः यो सिमराको यन्त्रको सूचक हो ।

मेरो विचारमा काठमाडौंबाट प्रकाशित हुने पत्रपत्रिकाहरूले काठमाडौंको तापक्रमको विवरण दिएजस्तै स्थानीय पत्रपत्रिकाले पनि एक दिन पहिलेको स्थानीय तापक्रम र सिमराको एक्युआई लेभल आआफ्नो एरियलमा वा अन्य कुनै उपयुक्त स्थानमा राख्न सके सचेतना जगाउन ठूलो मदत पुग्नेछ ।

# आवश्यकताका आधारमा पिपिए गरिंदै

काठमाडौं, ६ मङ्सिर/रासस

सरकारले कुन वर्षका लागि कति मेगावाट बराबरको बिजुली थप आवश्यक पर्छ भन्ने तथ्य निर्धारण गरेर विद्युत् खरीद सम्झौता (पिपिए) गर्ने भएको छ। त्यसरी सम्झौता गर्दा नदी प्रवाहीभन्दा अर्धजलाशय र जलाशय प्रकृतिका आयोजनालाई विशेष प्राथमिकतामा राखिने भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले छ हजार मेगावाट क्षमताका नदी प्रवाही आयोजनाको पिपिए गरिसकेको छ । यस्तै, नौ हजार मेगावाट क्षमताका आयोजना पिपिएका लागि प्रतीक्षारत छन्। पछिल्लो तीन वर्षदेखि पिपिए रोकिएको छ। पिपिए रोकिएको भन्दै निजी क्षेत्रले आपत्ति मात्रै जनाएको छैन, तत्काल खुलाउन माग गरेको छ । सरकारले रोकिरहेको र निजी क्षेत्रले खुलाउनुपर्ने माग गरिरहेको सन्दर्भमा कुन वर्षका लागि के कति क्षमताका आयोजना आवश्यक पर्ने हो, त्यो निर्धारण गरेर पिपिए गर्ने तयारीमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय रहेको छ ।

ऊर्जामन्त्री पम्फा भुसालले पनि आवश्यकता निर्धारण गरेर पिपिए हुने पटक–पटक सार्वजनिकरूपमा अभिव्यक्ति दिंदै आएकी छन् । भारतमा आयोजना निर्माणको समझदारी मात्रै हुन्छ । आयोजना निर्माण भइसकेपछि मात्रै पिपिए हुने गरेको छ। बढी लागत पर्ने आयोजनाको पनि एउटै र कम लागतका आयोजनाको समेत एउटै दरमा पिपिए



हुने गरेको छ। प्राधिकरणले हाल वर्षामा प्रतियुनिट चार रुपियाँ ८० पैसा र हिउँदमा आठ रुपियाँ ४० पैसामा पिपिए गर्दै आएको छ ।

लागतका आधारमा पिपिए गर्नुपर्छ, भन्ने माग पनि बेलाबेलामा उठेको छ। सबै तथ्य र अवस्थालाई ख्याल गरेर प्रतिस्पर्धाका आधारमा पनि प्रक्रिया अगाडि बढाउने सोच मन्त्रालय र प्राधिकरण दुवैको देखिन्छ। ऊर्जामन्त्री भुसाल आगामी १० वर्षपछिको बिजुलीको मागलाई हेरेर सम्झौता गर्दा त्यो नै बढी वस्तुवादी हुने बताउँछिन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नदी प्रवाही आयोजनाको तत्कालका लागि पिपिए नभए पनि अर्धजलाशय र जलाशययुक्त आयोजनाको पिपिए नरोकिएको बताए ।

प्राधिकरणले जलाशययुक्त आयोजनाका लागि औसतमा प्रतियुनिट रु १२ उपलब्ध गराउने गरी २०७४ सालमा नै निर्णय गरिसकेको छ। त्यसमा पनि मौसमी दर तय गरिएको छ । मुलुकको ऊर्जा सुरक्षाका लागि पनि जलाशययुक्त आयोजना अत्यावश्यक देखिन्छ ।

ऊर्जाविज्ञ एवं त्रिभुवन विश्वविद्यालय इन्जिनीयरिङ अध्यक्ष संस्थानका प्राडा अमृतमान नकर्मी ऊर्जा सुरक्षाका लागि हरेक देशले थप ३० प्रतिशत बराबरको ऊर्जा जगेडामा राखेका हुन्छन्। नेपालको हकमा जलाशययुक्त आयोजना नै प्रभावकारी हुने भएकाले त्यसैमा जोड दिनुपर्ने उनको भनाइ छ ।

प्रणालीमा दुई हजार मेगावाटभन्दा बढी बिजुली जोडिइसकेको छ । यस्तै, तीन हजार ५०७ मेगावाट क्षमता बराबरका १३८ आयोजना निर्माणका चरणमा छन्। यसैगरी, एक हजार ८५१ मेगावाट क्षमताका ९९ आयोजना निर्माणमा जाने तयारीमा छन् ।

स्वतन्त्र ऊर्जा, उत्पादकको संस्था नेपाल (इपान)का अनुसार १६ हजार ५७४ मेगावाट क्षमताका २०८ आयोजना अध्ययनको विभिन्न चरणमा छन्। यस्तै, निकासी प्रयोजनका लागि एक हजार ५७९ मेगावाट क्षमताका दुई आयोजना पनि निर्माणका चरणमा छन्। कुल २५ हजार ४१७ मेगावाट क्षमताका कुल ६११ आयोजना कुनै न कुनै रूपमा निर्माणको प्रक्रियामा रहेको इपानको विवरणमा समावेश गरिएको छ । आर्थिक तथा प्राविधिक हिसाबले ५७ हजार मेगावाट क्षमताका आयोजना नेपालभित्र निर्माण हुन सक्ने अवस्थामा छन् । सरकारले प्रदेश नं २ बाहेक हरेक प्रदेशमा जलाशययुक्त आयोजना निर्माण गर्ने विषयलाई रणनीतिकरूपमा अगाडि बढाएको छ । प्रदेश नं १ को तमोर जलाशययुक्त आयोजना अध्ययनको चरणमा छ।

चिनियाँ कम्पनी पावर चाइनासँगको सहकार्यमा एचआइडिसिएले अध्ययन जारी राखेको छ। यस्तै, वाग्मती प्रदेशमा

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# राष्ट्रिय सम्पदा र संस्कृतिको संरक्षणमा सबै जुटौं -राष्ट्रपति भण्डारी

महोत्तरी, ६ मङ्सिर/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले



नवनिर्मित रङ्गशालाको उद्घाटन गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी। तस्वीरः रासस

राष्ट्रिय सम्पदा र संस्कृतिको संरक्षणमा जुट्न अनुरोध गरेकी छन्। महोत्तरीको मटिहानी नगरपालिका–७ मा नवनिर्मित रङ्गशालाको सोमवार उद्घाटन गर्दै राष्ट्रपति भण्डारीले प्राचीन ऋषिमुनिको तप र साधना भूमि मिथिला क्षेत्रका राष्ट्रिय सम्पदा र यहाँको गौरवमय संस्कृतिको संरक्षणमा पहलकदमी लिन सम्बद्ध सबै पक्षसँग आग्रह गरेकी हुन्।

"प्रदेश–२ प्राचीन मिथिलाका अष्टावक्र, याज्ञवल्क्य, गार्गी, मैत्रेयी र राजा जनकसहितका विद्वान्, विदुषीको साधना र तपको थलोका रूपमा परिचित छ," राष्ट्रपति भण्डारीले भनिन्, "हामीले आफ्नो गौरवपूर्ण विगतलाई सम्मान गर्दै यी सम्बद्ध धरोहरको संरक्षण र संवर्द्धन गर्नुपर्दछ।" मैथिली भाषाका महाकवि विद्यापतिको साधनाले मुलुकको वाङ्मय समृद्ध बनेको पनि उनले चर्चा गरिन्। मुलुकको विकास र पहिचानमा खेलकूद क्षेत्रको महत्त्वपूर्ण स्थान हुने राष्ट्रपति भण्डारीको भनाइ छ।

यो यथार्थलाई हृदयाङ्गम गरी मटिहानी नगरपालिकाले विशाल रङ्गशाला निर्माण गरेर समयोचित काम गरेको उनले बताइन्। नवनिर्मित रङ्गशालामा हुने अबका नियमित अभ्यासले खेल क्षेत्रमा राष्ट्रिय प्रतिभा जन्माउने विश्वास लिएको राष्ट्रपति भण्डारीले उल्लेख गरिन्।

मुलुकको तराई क्षेत्र अन्न उत्पादनको उर्वर भूमि रहेको हुँदा कृषिमा नयाँ प्रविधिको प्रयोग र अभ्यास बढाउँदै किसानलाई आधुनिक खेतीतर्फ लाग्न आवश्यक सीप, प्रविधि र सुविधा बढाउन स्थानीय तह, प्रदेश र केन्द्रसहित तीनै तहका सरकारले पहलकदमी लिनुपर्ने राष्ट्रपति भण्डारीको भनाइ छ।

नेपालको समग्र इतिहासमा मिथिला क्षेत्रले विशिष्ट स्थान ओगटेको चर्चा गर्दै राष्ट्रपति भण्डारीले जनकनन्दिनी सीताको जन्मभूमि रहेको यस ठाउँमा अझै जातीय भेदभाव, महिला उत्पीडन, अन्धविश्वास र अशिक्षाले सिर्जित गरीबी अहिलेको चुनौती बनेको बताइन्।

यसलाई न्यूनीकरण गर्न प्रदेश–२ सरकारले थालेको 'छोरी बीमा' र 'बेटी बचाऊ–बेटी पढाऊ' कार्यक्रमको राष्ट्रपति भण्डारीले सराहना गरिन्। "प्रदेश–२ सरकारले थालेको यो प्रयत्नले नारी शिक्षालाई बल दिनेसँगै सक्षम नागरिक बनाउन मदत गर्नेछ," भण्डारीले भनिन्। शिक्षाको अवस्था फेरेसँगै बालविवाह, अनमेल विवाह, बहुविवाह, दहेज र तिलक प्रथा एवं बोक्सी प्रथा जस्ता विसङ्गति र विकृति समाजमा अझै देखिनु दुःखको विषय रहेको राष्ट्रपतिले बताइन्। "हाम्रा प्रयत्न यसको समूल अन्त्यका लागि केन्द्रित हुन आवश्यक छ," उनले भनिन्।

मटिहानीमा ३०० वर्ष पहिले स्थापित तत्कालीन संस्कृत पाठशाला र हालको राजकीय संस्कृत माध्यमिक विद्यालयले देशमा शिक्षाको ज्योति छर्न महत्त्वपूर्ण योगदान दिएको राष्ट्रपति भण्डारीले उल्लेख गरिन्। शैक्षिक जागरणका अग्रदूत बालगुरु षडानन्दलेसमेत अध्ययन गरेको यो विद्यालयको समयोचित सुधार र विकासमा योगदान पुर्‍याउनु सबैको दायित्व भएको भण्डारीले बताइन्।

मटिहानीका धार्मिक सम्पदा लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर, तस्मैयाबाबाको खन्ती, पिरबाबा मजारस्थान, लक्ष्मीसागर र नजीकको जलेश्वरनाथ महादेव मन्दिरको संरक्षण, संवर्द्धनमा पहलकदमी लिन सके मात्र आफ्नो गौरवपूर्ण विगत सन्ततिले देख्न, बुझ्न पाउने उनले उल्लेख गरिन्।

तराईको जीवन चुरे पर्वतसँग अभिन्नरूपले जोडिएको हुँदा चुरेको संरक्षणमा समुचित ध्यान पुग्न आवश्यक रहेको राष्ट्रपति भण्डारीको भनाइ छ। चुरेको संरक्षणविना तराईको समृद्धि सम्भव नरहेको उल्लेख गर्दै राष्ट्रपति भण्डारीले भनिन्, "चुरे संरक्षण र तराईको समृद्धि एकअर्काका पूरक हुन्।" यसका लागि चुरेको दोहनलाई निरुत्साहित गरी नदी प्रणालीलाई व्यवस्थित गरिन आवश्यक रहेको उनले बताइन्।

समारोहमा राष्ट्रपति भण्डारीलाई मटिहानी नगरपालिका, सांसद चन्दा चौधरी र महोत्तरी उद्योग वाणिज्य सङ्घले मिथिला कला, संस्कृति झल्कने उपहार प्रदान गरेका थिए।

सो अवसरमा मटिहानी नपाका प्रमुख हरिप्रसाद मण्डलले राष्ट्रपतिलाई अभिनन्दनपत्र प्रदान गरे। समारोहमै राष्ट्रपति भण्डारीले रङ्गशाला निर्माणमा अथक योगदान गर्ने मटिहानीका बासिन्दा विमलेश साह, विनोद मण्डल र नरेश महतोलाई सम्मानपत्र प्रदान गरिन्। नगरप्रमुख मण्डलको अध्यक्षतामा सम्पन्न रङ्गशाला उद्घाटन समारोहमा प्रदेश–२ का मुख्यमन्त्री लालबाबू राउत गद्दी, सांसद तथा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर र जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुरेशप्रसाद सिंहसहितका वक्ताले राष्ट्रपतिको आगमनले आफूहरू र महोत्तरीवासीलाई ऊर्जा प्राप्त भएको बताए।

करीब तीन करोड रुपैयाँ लागतमा एक बिघा १९ कट्ठा क्षेत्रफलमा निर्मित रङ्गशालाको उद्घाटनपश्चात् राष्ट्रपति भण्डारीले मटिहानीस्थित ५०० वर्ष पुरानो लक्ष्मीनारायण मठको अवलोकन, लक्ष्मीनारायण मन्दिर र सन्त तस्मैयाबाबाको खन्तीको दर्शन र पूजा आराधना गरिन्। यसैगरी, राष्ट्रपति भण्डारीले ३०३ वर्ष पुरानो राजकीय संस्कृत माध्यमिक विद्यालयको अवलोकन गरिन्। विद्यालय अवलोकनमा पुगेका राष्ट्रपतिलाई छात्रले रुद्राभिषेक पाठ गर्दै स्वस्तिवाचन गरेका थिए। सो अवसरमा प्रधानाध्यापक ईश्वरीप्रसाद पौडेलले विद्यालयको भौतिक र शैक्षिक अवस्थाबारे राष्ट्रपतिलाई अवगत गराए।

मटिहानीको कार्यक्रमपछि राष्ट्रपति भण्डारीले जलेश्वरस्थित श्रीजलेश्वरनाथ महादेवको दर्शन र पूजाअर्चना गरिन्। त्यहाँ जलेश्वर नपाका प्रमुख रामशङ्कर मिश्रसहितका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र उद्योगी–व्यवसायीले राष्ट्रपतिलाई स्वागत अभिवादन गरेका थिए।





राष्ट्रपति विद्यादेवी भण्डारीले आइतवार महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित बाबा जलेश्वरनाथ महादेवको विशेष पूजाआजा गर्ने कार्यक्रम रहेकाले मन्दिरलाई दुलहीझैं सिङ्गारिएको अवस्था र मन्दिर परिसरमा फूल बेच्न बसेका व्यापारी। तस्वीरः रासस

# चापीनी नदी बगरमा औद्योगिक ग्राम बन्ने

सर्लाही, ६ मङ्सिर/रासस

हरिवन नगरपालिकाले वडा नं ११ स्थित चापीनी नदी बगरमा औद्योगिक ग्रामको बनाउने भएको छ।

नगरप्रमुख गणेश प्रसाईंले नगर क्षेत्रमा औद्योगिक क्षेत्र प्रवर्द्धन गर्न औद्योगिक ग्राम बनाउन लागिएको जानकारी दिए। आइतवार सो ग्रामको शिलान्यास गर्दै उनले औद्योगिक ग्रामबाट स्थानीय रोजगार सिर्जना तथा आन्तरिक आयस्रोतसमेत वृद्धि हुने जानकारी दिए।

'एक स्थानीय तह, एक औद्योगिक ग्राम' अन्तर्गत हरिवनमा सो औद्योगिक ग्राम बन्न लागेको हो। यसका लागि सङ्घीय सरकारले गत आर्थिक वर्षमा रु एक करोड विनियोजनसमेत गरेको थियो।

सो रकमबाट जग्गा व्यवस्थापन, पर्खाल लगाउने र खोला नियन्त्रणको काम सकिएको इन्जिनीयर जकी अहमद सिद्दिकीले बताए। उनका अनुसार अब सो जमीनमा स्थानीय उत्पादनमुखी र स्थानीयलाई रोजगार सिर्जना हुने खालका व्यापार–व्यवसाय गर्न जमीनलाई नगरपालिकाले भाडामा लगाउनेछ।

करीब आठ बिघा क्षेत्रफलमा स्थापना हुन लागेको औद्योगिक ग्राममा यस क्षेत्रमा व्यापार–व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीलाई आफ्नो व्यवसाय सञ्चालन गर्न सहज हुने बताएको छ। साथै हरिवनको आर्थिक विकासमा मदत पुग्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खड्गदेव चुँडालले बताए।

एउटै छानामुनि विभिन्न व्यवसाय तथा उद्योग सञ्चालन हुँदा स्थानीयलाई आफ्नो उत्पादन कहाँ बिक्री वितरण गर्ने र बजार नपाउने चिन्ता हट्नुको साथै किनमेल गर्न धेरैतिर धाउनुपर्ने बाध्यता हट्ने नगरपालिकाले विश्वास लिएको छ। नदीले कटान गरेको जमीनको सदुपयोग गर्दा कृषियोग्य तथा वनको जमीन सुरक्षित रहने मात्र नभई कलकारखाना स्थापनाले बेरोजगारीको समस्यासमेत हल हुने जनाइएको छ। सो औद्योगिक ग्राम प्रदेश २ कै नमूना बन्ने विश्वास गरिएको छ।

# अपाङ्गता अध्ययन केन्द्र भवनको उद्घाटन

प्रस, रौतहट, ६ मङ्सिर/

छाया अपाङ्गता अध्ययन केन्द्रको भवन सोमवार परोहा नगरपालिकाका प्रमुख शेख वकीलले उद्घाटन गरेका यस विद्यालयमा नामाङ्कन गर्न अपीलसमेत नगरवासी समक्ष गरे। अध्ययन केन्द्रमा अपाङ्गता भएका बालबालिकालाई अध्ययन गराउन अवसर प्राप्त भएको अपाङ्ग कल्याण सङ्घ, रौतहटको सहकार्यमा भवन निर्माण भएको हो। रु ३० लाखमा ३ कट्ठा जग्गा खरीद गरी रु ५७ लाखमा भवन निर्माण भएको



छन्। कार्यक्रममा नगरप्रमुख वकीलले परोहा नगरपालिकाका भेडियाही टोलमा अपाङ्गता भएका विद्यार्थीलाई अध्ययन गर्नका सुनौलो अवसर प्राप्त भएको बताए। रौतहट जिल्लाका कुनै ठाउँमा अपाङ्गता भएका बालबालिकालाई अध्ययन गराउने विद्यालय नभएको अवस्थामा आज परोहा नगरपालिकामा शुरू भएकोमा हर्षित छु बताए। यस विद्यालयमा छात्रछात्रा आवाससहित अध्ययन गराउने भवन बनेको बताए।

अपाङ्गता भएका बालबालिकालाई उनले बताए।

दुई/तीन दिनभित्रमा अध्ययन/अध्यापन शुरू हुने उनले बताए। अपाङ्गता भएको बालबालिकाले केही गर्न नसक्दा उपेक्षित थिए, उनीहरूको मनोबल उच्च पार्न तथा जीवन सफल बनाउन यस केन्द्रको स्थापना भएको नगरप्रमुख वकीलले बताए।

रेड च्यारिटी, नमस्ते फाउन्डेशन, छाया लिक्टेन्स्टाइन, कार्ने भाली फाउन्डेशन, छाया अस्ट्रिया तथा परोहा नगरपालिकाको आर्थिक सहयोग एवं छाया नेपालको कार्यान्वयन साथै राष्ट्रिय सङ्घले जनाएको छ।

सो अवसरमा छाया अस्ट्रियाका प्रमुख समिने क्लोत्ज, छाया नेपालका कार्यकारी निर्देशक कमल थापा, नेपाली काङ्ग्रेसका रामबाबू पटेल, परोहा नगरपालिका नेकपाका अध्यक्ष श्यामबालक पटेल, तरुण दलका नेता शेख जुमाई, नेपाली काङ्ग्रेस परोहाका उपसभापति प्रबुध अन्सारीलगायतले सुझाव तथा सल्लाह दिएका थिए। राष्ट्रिय अपाङ्ग कल्याण सङ्घ नेपालका अध्यक्ष राजेश साहको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

# भूउपग्रहसम्बन्धी अध्ययन गर्न चार कम्पनी छनोट

काठमाडौं, ६ मङ्सिर/रासस

नेपालको आफ्नै भूउपग्रह (सेटेलाइट) राख्न आवश्यक अध्ययनका लागि चारवटा कम्पनी छनोट भएका छन्।



अन्तरिक्षमा आफ्नै भूउपग्रह प्रक्षेपण गर्ने सरकारको नीति अनुसार परामर्श सेवा दिन गत कात्तिकमा आठवटा अन्तर्राष्ट्रिय कम्पनीले प्राविधिक र आर्थिक प्रस्ताव पेस गरेका थिए। प्रस्ताव पेस गरेका सो कम्पनीमध्येबाट प्राधिकरणले चारवटा कम्पनी छनोट गरेको हो।

प्राधिकरणले फ्रान्सको युरोकन्सल्ट, टर्कीको टर्कस्याट, युएईको एसश्री टेल इङ्क र थाइल्यान्डको थाइकमलाई सर्ट लिस्टमा राखेको हो। यी चार कम्पनीले बुझाएको प्राविधिक र आर्थिक मूल्याङ्कनका आधारमा उत्कृष्ट एक कम्पनीलाई सेटेलाइट प्रक्षेपणसम्बन्धी काम शुरू गर्न प्राधिकरणले अनुमति दिनेछ।

यसअघि उत्कृष्ट कम्पनी नआएको भन्दै प्राधिकरणले सेटेलाइट जडानको प्रक्रिया नै रद्द गरेको थियो। गत वर्षको मङ्सिरमा पुरानो प्रस्ताव रद्द गरेर प्राधिकरणले भूउपग्रह स्थापनाको नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन मोडालिटीको नीति तय गर्न नयाँ प्रस्ताव आह्वान गरेको थियो। प्राधिकरणको प्रस्ताव अनुसार गत पुसमा विभिन्न देशका नौवटा कम्पनीले आशयपत्र बुझाएका थिए।

आशयपत्र पेस गरेका नौ कम्पनीमध्ये प्राधिकरणले पाँच कम्पनीलाई प्राविधिकरूपमा योग्य ठहर गर्दै आर्थिक प्रस्ताव माग गरेको थियो।

गत वर्ष अयोग्य भएर फालिएका फ्रान्सको युरो कन्सल्ट र युएईको एसश्री टेल इङ्क पुनः छनोटमा परेका छन्। गत वर्ष दुई कम्पनीसहित अन्य चार कम्पनीले पठाएको आर्थिक प्रस्ताव अयोग्य भएको भन्दै प्राधिकरणले सेटेलाइट जडानको प्रक्रिया नै रद्द गरेको थियो। प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले छनोटमा परेका चार कम्पनीसँग पहिलो चरणमा प्राविधिक र वित्तीय प्रस्तावको माग गरिने जानकारी दिए। उनका अनुसार सो कम्पनीबाट आएको प्रस्तावको अध्ययन गरी प्राधिकरणले भूउपग्रह स्थापनासम्बन्धी आधारभूत कामहरूको जिम्मा एक कम्पनीलाई दिनेछ।

सन् २०२२ भित्र आफ्नै सेटेलाइट सञ्चालनमा ल्याउने भन्दै गत वर्ष भूउपग्रहसम्बन्धी नीति सार्वजनिक गरिएको थियो। यसअघि नेपालको आफ्नै सेटेलाइट राख्ने गरी प्राधिकरणले २०७३ असोज २० गते आह्वान गरेको आशयपत्रमा १२ देशका २२ कम्पनीले सेटेलाइट राख्न रुचि देखाएका थिए।

अमेरिका, चीन, भारत, थाइल्यान्ड, सिङ्गापुर, क्यानडा, फ्रान्स, जापान, कोरिया, साउदी अरेबिया, रूस र इजरायलका गरी २२ वटा कम्पनीले नेपालका लागि सेटेलाइट राखिदिने रुचिसहित प्रस्ताव पेस गरेका थिए। दूरसञ्चार सेवाप्रदायक रेडियो तथा टेलिभिजन विदेशी सेटेलाइटबाट सञ्चालित हुँदै आएकामा आफ्नै सेटेलाइट जडान गरी सञ्चालन गर्ने सरकारको लक्ष्य छ।

# सभ्यताको शुभारम्भ

## अवरोधको निराकरण त आवश्यक छ

प्राचीनकालमा यो प्रकरण हरेकलाई समझदारीको उदय हुने बित्तिकै सिकाउन आरम्भ गरिएको थियो । यस सुसंस्कारिता अभ्यासमा उतार्नको लागि धार्मिक प्रचलन थियो। संस्कार र पर्व। हरेक व्यक्तिको आयु वृद्धिको साथसाथै संस्कार आयोजना हुन्थ्यो, त्यसमा साझेदारी ती सबैको हुन्थ्यो, जो त्यस आयोजनमा उपस्थित हुन्थे । संस्कार, प्रवचन, धार्मिक कर्मकाण्डको माध्यमबाट ती सबैलाई शिक्षण दिइन्थ्यो। ताकि ऊ आफूलाई त्यस स्तरमा ढालोस्, जसको अनुसरण गर्दै बालक वा पालक पनि त्यस बाटोमा हिंड्न सकोस् । यस प्रक्रियालाई सभ्यताको श्रीगणेश पनि भनिन्थ्यो ।

यसैको अर्को पक्ष थियो, चाडपर्वको आयोजन । ती विशेष अवसरमा विचारशील नरनारी भावनापूर्वक एकत्रित हुन्थे र त्यसको साथ जोडिएको प्राचीन परम्परा एवं अर्वाचीन विधि व्यवस्थालाई सामयिक सन्दर्भमा बुझ्न सम्झाइन्थ्यो। यसलाई दुर्भाग्य नै भन्नुपर्छ कि संस्कृतिको यो आधारस्तम्भ एक प्रकारले लडखडाएको छ। निहित स्वार्थ हाबी भएको छ। नियम, कर्मकाण्डको विधिविधान जटिल बनाइएको छ। यसको भार सहन सक्नु सर्वसाधारणको लागि सम्भव नै रहेन। रुढीवादी चिह्न पूजा त अहिले जहाँ–त्यहाँ दृष्टिगोचर हुन्छ तर मानिसको लागि उत्साह हुनुको सट्टा उपेक्षाले जरा जमाएको छ । यसबाट सबैभन्दा ठूलो खराबी यो भयो कि व्यावहारिक सभ्यताको प्रशिक्षणको वातावरण नै एक प्रकारले समाप्त भएको छ। फलतः हामी सबै पढ–अनपढ, धन–निर्धन व्यक्तित्वको दृष्टिबाट जुन स्थितिमा पुग्छौं, त्यसबाट निराशा नै हुन्छ र लज्जा पनि आउँछ ।

### युग परिवर्तनः कसरी र कब

समस्या एक देशीय होइन, सार्वभौमिक हो । त्यसलाई सर्वजनीन पनि भन्न सकिन्छ । संसारका मूर्धन्य विचारक र समाजसेवीहरूले यसमाथि गम्भीरतापूर्वक विचार गरेका छन्। यस्तो उपाय खोज्ने प्रयत्न गरेका छन् कि जनसमुदायलाई त्यस सभ्यताको साथ जोडन सकियोस्, जुन नागरिक एवं सामाजिक कर्तव्यको बीच सघनता स्थापित गर्छ। यस अभावको पूर्तिविना वर्तमान आस्था सङ्कट र चरित्र विग्रह हट्न सक्दैन। प्रगतिको लागि दुःखदायी वातावरण नै बनाइरहन्छ, जुन हरेक दृष्टिले हरेकको लागि कष्टकारक सिद्ध हुन्छ ।

**सभ्यताको श्रीगणेश गर्ने विधालाई जनसाधारणको लागि अनिवार्य घोषित गर्नुपर्छ। विद्यार्थीलाई प्राथमिकता दिनु उचित हो तर यस छोटो वर्गसम्म कुनै सार्वभौमिक आन्दोलनलाई सीमित गरेर काम चल्दैन ।**

यस सन्दर्भमा एक युग मनीषी 'वेडेन परवेल'ले स्काउटिङ नामक आन्दोलनलाई जन्म दिए। त्यसको प्रधान उद्देश्य विद्यार्थीमा नागरिक सुसंस्कारिता एवं समाजप्रति कर्तव्यको परिपालनको भावना र क्षमता बढाउन राखियो । उपयोगितालाई हेर्दै संसारका अनेक देशमा त्यसको प्रचारप्रसार भयो । शिक्षा विभागले त्यसलाई आफ्नो पाठ्यक्रममा सम्मिलित गऱ्यो। स्वतन्त्ररूपबाट त्यसको प्रशिक्षण प्रक्रिया चलिरह्यो। भारतमा स्काउटिङ आन्दोलनको शाखा बीजारोपण र अभिवर्धन गर्नमा श्रीराम बाजपेयीले पूरै लगनका साथ कार्य गरे। त्यसमा भारतीय तत्त्व सम्मिलित गरे र त्यसको प्रयोग–अभ्यासको सिलसिला व्यापकरूपले चलाइयो ।

यस आन्दोलनको समानान्तर समय–समयमा स्थान–स्थानमा अन्य कैयौं आन्दोलनको जन्म एवं विकास भयो । यसमा राष्ट्रिय कैडेट कोर, राष्ट्रिय समाज सेवक, रोटरी क्लब, लायन्स क्लब, भारत सेवक समाज, रेडक्रस, राष्ट्रिय स्वयंसेवक सङ्घ, शिवसेना, आर्य वीर दल, महावीर दल आदि सङ्गठनको स्थापना भयो र तिनीहरूको आआफ्नो अनुभव क्षेत्रमा विस्तार पनि भइरह्यो। राष्ट्रिय काङ्ग्रेस, लोक दल, जनता पार्टी, दलित सङ्गठन जस्ता राजनीतिक संस्थानले पनि यस स्तरको आफ्नो स्वयंसेवी शाखाको निर्माण गऱ्यो तर त्यो, मतभेद र निहित स्वार्थको कारण आआफ्नो सीमित प्रयोजनलाई अगाडि राखिरह्यो । यदि मूल उद्देश्य बिर्सिंदैन थियो भने जनजनमा सभ्यताको आरम्भिक चरणको परिपुष्टि गर्नेसम्मको कुरालाई नै प्रमुख मानिन्थ्यो। यदि यस्तो बन्छ भने राजनीतिक वा सामाजिक धारामध्ये कुनै एउटालाई रोज्दा पनि कुनै हानि हुने थिएन तर अपरिपक्व स्तरका नागरिकले मानवी गरिमालाई गौण र पार्टी स्वार्थलाई प्रधान दिन्छ। फलतः दुवैमध्ये एउटा पनि उद्देश्य पूरा हुन्थेन । वर्तमान स्थितिमा अनेकौं स्काउटिङ स्तरका सङ्गठन बनेका देखिन्छन् तर ती सबैको सम्मिलित प्रयास पनि यति गर्न सक्दैन कि आफ्नो प्रभाव क्षेत्रका व्यक्तिलाई नीति, निष्ठा जागरूकता, कर्तव्य परायणता, नागरिकता एवं सामाजिकताको सर्वमान्य नियमलाई बुझ्न एवं स्वीकार गर्नमा असमर्थ हुन सकोस् ।

गन्ती गन्नमा भूल भएपछि त्यसको एउटा मात्र समाधान हो, नयाँ सिरादेखि आरम्भ गर्नुपर्छ। हामीले एउटा सार्वभौम प्रयास आरम्भ गर्नुपर्छ, जसले मानवी संस्कृतिलाई प्रखर, प्राणवान् बनाउने काम गरोस्। सभ्यताको श्रीगणेश गर्ने विधालाई जनसाधारणको लागि अनिवार्य घोषित गर्नुपर्छ । विद्यार्थीलाई प्राथमिकता दिनु उचित हो तर यस छोटो वर्गसम्म कुनै सार्वभौमिक आन्दोलनलाई सीमित गरेर काम चल्दैन। आफ्नो देशको विशेषतया परिस्थिति भिन्दै छ, यहाँ मात्र ३० प्रतिशत जनसङ्ख्या शिक्षित छ । त्यसमा यदि हेर्नुपर्दा जुन अहिले विद्यालयमा पढिरहेका छन्, त्यसमा दश–पाँच प्रतिशत नै पाइन्छ। केवल तिनीहरूलाई स्काउटिङ सिकाउनाले व्यक्तिमा सुसंस्कारिता संवर्धनको प्रयोजन पूरा हुन सक्दैन। करोडौंको सङ्ख्यामा यस्ता नरनारी छन्, जो पढेका छैनन्। ती पुनः पढ्न आरम्भ गर्नेछन् र प्रशिक्षणको साथै स्काउटिङ जस्ता विशेष प्रशिक्षणलाई सम्मिलित गर्नेछन्, यसको आशा कमै छ। तर पनि यो आवश्यकता अनिवार्य छ, जसको विना प्रगतिको रथ पूर्णरूपले रोकिएको छ । त्यसको निराकरणको लागि केही उपाय उपचार गर्नुपर्छ। केही सामाजिक बाटो खोज्ने र निकाल्नुपर्छ।

# नेपाल–भारत अन्तर्राष्ट्रिय मैत्री कन्सर्ट

प्रस, वीरगंज, ६ मङ्सिर/

डिएभी सुशील केडिया विश्व भारती स्कूल, काठमाडौं र संस्कृति भारतको सहकार्यमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय राजदूतावास, काठमाडौंले नेपाल–भारत अन्तर्राष्ट्रिय मैत्री कन्सर्ट आयोजना गरेको छ ।

सोमवार आयोजित कार्यक्रमको लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले उद्घाटन गरेका थिए ।

सो अवसरमा उनले नेपाल र भारतको साझा सांस्कृतिक सम्पदा र दुई मित्रतापूर्ण छिमेकीबीचको सदियौं पुरानो सम्बन्धलाई प्रवर्द्धन र संरक्षण गर्न युवा कलाकार र विद्यार्थीहरूको भूमिका महत्त्वपूर्ण हुने बताए । उनले कलाको माध्यमबाट दुई देशका जनतालाई एकताबद्ध गराउन योगदान गरेकोमा धन्यवाद पनि ज्ञापन गरे ।




कार्यक्रममा उद्घाटन मन्तव्य व्यक्त गर्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर । तस्वीरः सौजन्य

कार्यक्रममा डिएभी सुशील केडिया विश्व भारती स्कूलका अध्यक्ष अनिल केडिया र प्रथम सचिव नवीन कुमारको उपस्थिति थियो ।

कार्यक्रममा भारतका चर्चित कलाकार गायिका डा रञ्जना झा, नर्तकहरू यामिनी शर्मा र रिजुला मिश्र र नेपालका स्वजन रघुवंशी समूहले सांस्कृतिक प्रस्तुति गरेका थिए ।



**रात्रिकालीन समयमा देखिएको कुमारी मन्दिर एवं पार्क परिसर**: मध्यपुरथिमि नगरपालिकाले सञ्चालन गरेको रात्रिकालीन सम्पदा पदयात्रा अभियानका क्रममा देखिएको बोडेको कुमारी मन्दिर एवं पार्क परिसर । तस्वीरः रासस

## फरक समाचार

# पेटमा महसूस हुन्छ हृदयघातको गम्भीर लक्षण

छाती, बङ्गारा र घाँटी दुख्ने, सास फुल्ने र चक्कर लानु हृदयघातका केही ज्ञात र स्पष्ट लक्षण हुन् । तर यस हृदयरोगको केवल यो मात्र लक्षण होइन। जब धमनी खुम्चिन्छ वा अवरुद्ध भएपछि हृदयमा अक्सिजनयुक्त रक्त आपूर्तिमा



बाधा हुन्छ, तब व्यक्तिलाई जठरान्त्रसम्बन्धी समस्याको अनुभव पनि हुन सक्छ, जसमाथि कसैको ध्यान जाँदैन ।

हृदयघातको स्थितिमा पेटको समस्या हुन्छ तर यसप्रति हामीले ध्यान दिंदैनौं। तर हृदयघातको बढीजसो मामिलामा यो सामान्य कुरा हो। यसैले यदि तपाईंलाई हृदयघातको अन्य स्पष्ट लक्षणका साथै पेटको समस्या अनुभव गर्नुहुन्छ भने तुरुन्तै चिकित्सा सहायता लिनुपर्छ ।

हृदयघातको क्रममा जब रुकावटको कारण अङ्गले अक्सिजनयुक्त रगत शरीरको अन्य भागमा पम्प गर्न कठिनाइ हुन्छ, तब रक्त परिसञ्चरण सुस्त हुन्छ। पूरै शरीरमा रगतको आपूर्ति कम भएपछि पेटमा रासायनिक परिवर्तन हुन्छ, जसबाट यो क्षारीयबाट अम्लीय हुन्छ। जब पेटको पिएच कम हुन्छ, तब पाचनतन्त्रसहित शरीरको अङ्गले कुशलतापूर्वक काम गर्न सक्दैन । यसले थुप्रै ग्यास्ट्रोइन्टेस्टाइनल समस्याको कारण पनि बन्छ ।

छाती, बङ्गारा र घाँटीको दुखाइको साथ हृदयघात हुने स्थितिमा व्यक्तिको पेटमा पनि दुखाइ हुन सक्छ । पेट दुखाइ शुरूमा तीव्र हुन्छ । समयको साथ दुखाइमा पनि तीव्रता हुन्छ । खराब हृदय स्वास्थ्यको सङ्केत दिने पेट दुखाइ साधारणतया पेटको माथिल्लो बायाँतर्फ महसूस हुन्छ । केही व्यक्तिले यसलाई एसोफैगल स्फिंक्टरमा पनि अनुभव गर्छन् ।

जब आन्द्राको धमनी बन्द वा अवरुद्ध हुन्छ, तब पखाला र बान्ता हुन्छ । बढीजसो खाना खाएपछि रुकावटबाट पेटमा तीव्र दुखाइ हुन सक्छ। यसले पेटको खाल्डोनजीकै सुस्त ऐंठन उत्पन्न गर्न सक्छ र पिठ्यूँसम्म फैलिन्छ । गम्भीर रुकावटको मामिलामा आन्द्राको एउटा भाग बिग्रिन पनि सक्छ। मुटुको समस्याको कारण समयको साथै पेटमा दुखाइले एनोरेक्सिया पनि हुन सक्छ र समयको साथै वजन कम हुन्छ ।

मुटुको समस्याको कारण पाचनतन्त्र राम्ररी काम गर्न सक्दैन, तब पेट अम्लीय हुन्छ र काम गर्न गाऱ्हो हुन्छ। यसले भोजन पचाउन सक्दैन र त्यसको पोषक तत्त्वलाई अवशोषित पनि गर्न सक्दैन र बढी हाइड्रोक्लोरिक एसिड (एचसिआई, पाचनको दौरान प्रयोग हुने एसिड) को उत्पादन शुरू गर्छ। पेटमा अत्यधिक एचसिआईको उपस्थितिले अङ्गको परतलाई नष्ट गर्न थाल्छ, जसबाट व्यक्तिलाई बेचैनी हुन्छ । यदि समस्याको समयमा समाधान गरिएन भने यो अल्सरको कारण पनि बन्न सक्छ ।

अपच र डकार पनि हृदयघात सम्बन्धित हृदयको समस्यालाई सङ्केत गर्न सक्छ । यस्तो यस कारण हुन्छ किनभने मुटु, घाँटी र पेट सबै एकअर्काको छेउमा हुन्छन् । हृदयघात हुनुभन्दाअघि पुरुषको तुलनामा महिलामा अपच र डकारको समस्या बढी हुन्छ। यसैले यी लक्षणलाई बेवास्ता गर्नुहुँदैन। किनभने यसले केही गम्भीरतालाई दर्शाउँछ ।

# अमेरिकन ड्रिमः सबैभन्दा लामो कार

संसारकै सबैभन्दा लामो कारलाई अमेरिकन ड्रिम भनिन्छ। सन् १९८६ मा यस कारलाई दुनियाँको सबैभन्दा लामो कारको रूपमा गिनिज बूक अफ वर्ल्ड रेकर्डमा दर्ता गरिएको थियो। यो कारको लम्बाइ सय फिटको छ र झट्ट हेर्दा यो टायर भएको रेलजस्तो देखिन्छ ।



यो कार लामो मात्र छैन, यसमा निकै सुविधा छ। कारको माथिल्लो भगमा एउटा निजी हेलिपैड छ, मिनी गल्फ कोर्स र स्वीमिङ पुल छ। यसको अलावा बाथटब, जकुजी, थुप्रै टेलिभिजन, फ्रिज, टेलिफोन पनि छन्। कारमा ७० जना बस्न सक्छन् ।

अमेरिकन ड्रिम कारमा कुल २६ वटा पाङ्ग्रा छन् र यसलाई दुवै साइडबाट चलाउन सकिन्छ। यो कारलाई कार उत्पादन गर्ने कारखानाले बनाएको होइन। यसको डिजाइनर जे ओहरबर्ग हुन् । उनी हलिउडका चर्चित सवारीसाधन डिजाइनर थिए र कारको शोखिन थिए ।


कारको दुवैतर्फ भिएट इन्जिन छ । ओहरबर्गलाई यो कार तयार गर्न र सडकमा ल्याउन १२ वर्ष लाग्यो । यसलाई चलचित्रमा प्रयोग गर्न बनाइएको थियो। कारलाई भाडामा पनि दिइन्छ। यसको भाडा ५० डलरदेखि दुई हजार डलर प्रतिघण्टा छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अस्ट्रेलियाले डिसेम्बर १ देखि पूर्ण खोप लगाएकालाई प्रवेश अनुमति दिने

क्यानबेरा, ६ मङ्सिर/एएनआई

अस्ट्रेलियाले सोमवार आफ्नो यात्रा नियम थप खुकुलो पार्दै पूर्ण खोप लगाएका पर्यटकलाई डिसेम्बर १ देखि यात्रा छुटको लागि आवेदन नै नगरी देश प्रवेश गर्न अनुमति दिने जनाएको छ।


तस्वीर: फाइल

त्यस्ता योग्य राहदानी धारकमा दक्ष जनशक्ति, विद्यार्थी, मानवीय सेवामा काम गर्ने, छुट्टी मनाउने र अस्थायी पारिवारिक राहदानी बोकेका समावेश छन्। अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले एक विज्ञप्तिमा जनाए अनुसार १ डिसेम्बर २०२१ देखि पूर्ण खोप लगाएका योग्य प्रवेशाज्ञा धारकले यात्रा छुटको लागि आवेदन नगरी अस्ट्रेलिया आउन सक्नेछन्। योग्य प्रवेशाज्ञा धारकमा दक्ष र विद्यार्थी समूह, साथै मानवीय काम गर्ने, छुट्टी मनाउने र अस्थायी पारिवारिक प्रवेशाज्ञा धारक आदि समावेश गरिएका छन्। उनका अनुसार यी परिवर्तनले यो सुनिश्चित गर्नेछ कि अस्ट्रेलियालीको स्वास्थ्यको रक्षा गर्दै बिछोडमा परेका परिवारलाई पुनर्मिलन गर्दै आर्थिक पुनरुत्थानको कामलाई पनि बढावा दिइनेछ।

यी व्यवस्थाहरू अन्तर्गत मोरिसनले यात्रीहरूले अस्ट्रेलियाको थेराप्यूटिक गुड्स एडमिनिस्ट्रेशन (TGA) द्वारा स्वीकृत वा मान्यताप्राप्त खोपको पूर्ण मात्रा खोप लगाउनुपर्नेछ। "अस्ट्रेलियामा दक्ष कामदार र अन्तर्राष्ट्रिय विद्यार्थीहरूको फिर्ताले हाम्रो आर्थिक पुनरुत्थानलाई अझ बलियो बनाउनेछ, हाम्रो अर्थतन्त्रलाई आवश्यक पर्ने मूल्यवान् कामदारहरू प्रदान गर्ने र हाम्रो महत्त्वपूर्ण शिक्षा क्षेत्रलाई समर्थन गर्नेछ," मोरिसनले भने, "अस्ट्रेलियाले महीनौंको कडा महामारी प्रतिबन्धपछि नोभेम्बर १ मा क्वारेन्टाइनमुक्त यात्रीका लागि आफ्नो सीमा फेरि खोलेको छ।" गत वर्ष मार्च २० मा अस्ट्रेलियाले कोरोना भाइरस महामारीको बढ्दो सङ्क्रमण नियन्त्रण गर्ने उद्देश्यले विश्वको सबैभन्दा कडा सीमा प्रतिबन्ध अपनाएको थियो। अस्ट्रेलियाले १८ महीनासम्म अनुमतिविना विदेश यात्रा गर्न आफ्ना नागरिकलाई पनि कडा प्रतिबन्ध लगाएको थियो।

**बेलायतमा कोरोना सङ्क्रमण घटेन, एकै दिन ४० हजारजना सङ्क्रमित**

लन्डन/सिन्हवा

बेलायतमा कोरोना भाइरसको सङ्क्रमण झन् बढेको देखिएको यहाँको स्वास्थ्य अधिकारीहरूले जनाएका छन्। उनीहरूका अनुसार यहाँ अहिले पनि दैनिक कम्तीमा पनि ४० हजारजना यो भाइरसका सङ्क्रमित भेटिएका छन्। सरकारी अधिकारीले दिएको पछिल्लो जानकारी अनुसार यहाँ आइतवार थप ४० हजारजनामा एकै दिनमा सङ्क्रमण भएको छ। योसमेत गरी बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या ९८ लाख नाघेको छ।

यहाँको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिए अनुसार पछिल्लो २४ घण्टामा कोरोना भाइरसका कारण ६१ जनाको मृत्यु भएको छ। योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण करीब एक लाख ४४ हजारजनाको मृत्यु भएको छ। बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये आठ हजारजनाभन्दा बढी अझै पनि अस्पतालमैं उपचाररत रहेका छन्।

यहाँका १६ वर्षमाथिका झन्डै ९३ प्रतिशत मानिसले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन्। त्यसैगरी, करीब ८७ प्रतिशतले दुवै मात्रा खोप लगाएका स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। तर पनि पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको सरकारी अधिकारीहरूले बताएका छन्। सरकारी प्रयासका बावजूद यहाँ सङ्क्रमित हुने दरमा कमी नआएको स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। रासस

## सडक दुर्घटनामा हरेक २४ सेकेन्डमा एकजनाको मृत्यु

संयुक्त राष्ट्रसङ्घ, ६ मङ्सिर/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले हरेक २४ सेकेन्डमा कम्तीमा पनि एकजनाको मृत्यु हुने गरेको तथ्याङ्क पत्ता लागेको भन्दै यसबाट सुरक्षित रहन आग्रह गरेका छन्।

महासचिव गुटर्रेसले यस दुर्घटनाबाट बचनका लागि विशेष सतर्कता अपनाउनका लागि आग्रह गरेका छन्। उनले भने– विश्वमा हरेक २४ सेकेन्डमा कम्तीमा पनि एकजनाको ज्यान जाने गरेको छ।

त्यसैले यस्तो दुर्घटनाबाट बाँच्नका लागि विश्वका देशहरूले विशेष सतर्कता अपनाउनुपर्छ, विशेष खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ।

विश्व सडक दुर्घटनाविरुद्धको दिन २१ नोभेम्बरका दिन दिएको एक सन्देशमा महासचिव गुटर्रेसले सो आग्रह गरेका हुन्।

उनले सडक दुर्घटनाबाट हुने मृत्यु तथा गम्भीर प्रकृतिको घाइते हुने अवस्थाबाट बचनका लागि जोखिमपूर्ण अवस्थामा रहेका बाटोहरूको सुधार गर्ने र सडक दुर्घटनाबाट बाँचनका लागि सवारीसाधनमा यात्रा गर्ने व्यक्तिहरू तथा बटुवाहरूलाई पनि आवश्यक मात्रामा सचेतना प्रदान गर्नका लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्न महासचिव गुटर्रेसले आग्रह गरेका हुन्।

यस्तो सडक दुर्घटनाबाट प्रत्येक वर्ष ज्यान जाने नागरिकको सङ्ख्या बढ्दै गएकाले यसतर्फ आफ्ना कार्यक्रमहरू लक्षित गर्न उनले विश्वका देशहरूलाई आग्रह गरेका हुन्। रासस

## स्वीडेनको एरिक्सनले अमेरिकी क्लाउड अपरेटर भोनेज किन्ने

स्टकहोम, ६ मङ्सिर/एएफपी

एरिक्सनले अमेरिकी क्लाउड-आधारित सञ्चारप्रदायक भोनेज, स्वीडेनी कम्पनीको हालको मेमोरीमा सबैभन्दा ठूलो कम्पनी अधिग्रहण गर्न लागिरहेको छ।

जसबाट यसले परम्परागत दूरसञ्चार उपकरण व्यवसायभन्दा बाहिर आफ्नो व्यवसाय सञ्चालनलाई फराकिलो बनाउने अपेक्षा गरिएको छ।




कम्पनीका अनुसार ६.२ अर्ब (५.५ बिलियन युरो) डलरको सम्झौता वायरलेस इन्टरप्राइजमा आफ्नो उपस्थिति विस्तार गर्न र यसको विश्वव्यापी प्रस्तावलाई फराकिलो बनाउने एरिक्सनको रणनीतिको एक हिस्सा हो।

यो प्रस्ताव भोनेजको निर्देशक बोर्डद्वारा सर्वसम्मतिले अनुमोदन गरिएको थियो।

एरिक्सन फाइभजी नेटवर्क जस्ता क्षेत्रमा चीनको हुवावे र फिनल्यान्डको नोकियासँग प्रतिस्पर्धा गरिरहेको विश्वको सबैभन्दा ठूलो टेलिकम उपकरण निर्माता कम्पनी हो।

२१ डलर प्रतिशेयरमा यो प्रस्तावले शुक्रवारको टेक-हेभी नास्डाक स्टक एक्सचेन्जमा भोनेजको बन्द मूल्यभन्दा २८ प्रतिशत प्रिमियम प्रतिनिधित्व गरेको छ।

२००१ मा स्थापित भोनेजले आइपी भ्वाइस टेलिफोन प्रदान गर्दछ र हालका वर्षहरूमा क्लाउड-आधारित सञ्चार प्लेटफर्म विकसित गरिरहेको छ।

कम्पनीसँग १२०,००० ग्राहक छन्, जसले एक मिलियन विकासकर्ताहरूलाई यसको एपिआई इन्टरफेसमा पहुँच गर्न अनुमति दिन्छ। जुन यसको ४१.४ बिलियनको वार्षिक बिक्रीको ८० प्रतिशत हिस्सा हो।

## निर्माण सम्पन्न नहुँदै सडक, फूटपाथ भत्कियो


तस्वीर: प्रतीक

प्रस, वीरगंज, ६ मङ्सिर/

सघन शहरी तथा भवन निर्माण कार्यालयमार्फत महावीर कन्स्ट्रक्शनले आदर्शनगर क्षेत्रमा निर्माण गरेको सडक, फूटपाथको काम जारी रहँदा भत्किन पनि शुरू भएको छ।

पाँच किलोमिटर कालोपत्रे, तीन किलोमिटर फूटपाथ निर्माण भइरहेको छ। अहिले निर्माण भएका केही ठाउँमा फूटपाथ भत्किन शुरू भएको हो। ७२ करोडको रुपैयाँ लागतमा आव २०७४/७५ मा शुरू भएको यो निर्माण कार्य कोरोनाको कारण रोकिएको थियो। भदौमा पुनः शुरू भएको यसको ठेक्का अवधि अझै केही महीना बाँकी छ। तोकिएको समयमा कार्य सम्पन्न हुने भनिए पनि बनेका ठाउँहरूमा भने फूटपाथ भत्किंदै छ।

स्थानीयले कमसल काम भएको कारण निर्माण कार्य जारी रहँदै फूटपाथहरू भत्किएको बताएका छन्।

## चाडपर्व सकिए पनि हरियो तरकारीको मूल्य घटेन

प्रस, पोखरिया, ६ मङ्सिर/

प्रत्येक वर्ष छठ पर्वपछि हरियो तरकारीको मूल्य घट्ने गरे पनि यस वर्ष भने हरियो तरकारीको मूल्य ज्यूँका त्यूँ छ।

चाडपर्वका कारण हरियो तरकारीहरू यसअघि पनि महँगो हुन्थ्यो। तर यसपटक चाडपर्व सकिए पनि हरियो तरकारीहरू भने महँगोमा बिक्री भइरहेको छ। तरकारीखेती गत वर्षसरह नै यस वर्ष भएको तर बेमौसमी वर्षाका कारण तरकारीखेती प्रभावित हुँदा मूल्य नघटेको एकथरी किसानको भनाइ छ। अहिले पोखरिया बजारमा काउली ६०, भन्टा ७०, बन्दा ४०, केराउ (हरियो) २ सय, मूला ४०, काँक्रो १२०, परवल ८०, करैला १२०, गोलभेंडा १२०, खुर्सानी ८० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको छ।


पोखरिया बजारमा हरियो तरकारी बेच्दै। तस्वीर: प्रतीक

दशैंदेखि छठसम्म काउली रु १६० प्रतिकिलोमा बिक्री भएको थियो भने हरियो केराउ रु ३५० प्रतिकिलोमा बिक्री भएको थियो। यी दुई तरकारीको मूल्य केही घटेको छ। तर अन्य भने दशैं, तिहारकै मूल्यमा बिक्री भइरहेका छन्।

## एभरग्रीनका छात्राद्वारा रेडक्रसको अवलोकन

प्रस, वीरगंज, ६ मङ्सिर/

एभरग्रीन नर्सिङ क्याम्पस वीरगंजका विद्यार्थीहरूले नेपाल रेडक्रस सोसाइटी पर्साको अवलोकन गर्दै रेडक्रसको बारेमा जानकारी लिएका छन्।


तस्वीर: सौजन्य

अवलोकनको क्रममा कार्यालय सहायक राजन श्रीवास्तवले रेडक्रस पर्साको स्थापना, यसले गर्ने गतिविधि र सङ्गठनात्मक ढाँचाबारे जानकारी गराएका थिए। सो अवसरमा विपद्, द्वन्द्वको बेलामा गरिने सेवाका साथै रेडक्रसले खुला दिसामुक्त कार्यक्रम, रक्तदान, एम्बुलेन्स सेवा, बाल सञ्जाल र अहिले चीसोको बेलामा सञ्चालन गर्ने सेवामूलक कार्यक्रमबारे जानकारी गराएका थिए।

स्वच्छ परिवार
सुखको आधार
वीरगंज महानगरपालिका

**आयुर्वेदको चमत्कार**
इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मित्रमिलन | वृष | कान्तिक्षय |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | धनलाभ | कन्या | सफलता |
| तुला | अस्वस्थता | वृश्चिक | वादविवाद |
| धनु | व्यापारबृद्धि | मकर | शत्रुभय |
| कुम्भ | कार्यनाश | मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

# विवाह उत्सवमा ट्राफिक व्यवस्थापनबारे सरोकारवालाबीच छलफल

प्रस, वीरगंज, ६ मङ्सिर/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज महानगरपालिका क्षेत्रमा रहेका होटल, पार्टी प्यालेस, धर्मशालाहरूमा वैवाहिक कार्यक्रम हुँदा सिर्जित सवारीजामसम्बन्धी विषयमा सोमवार सरोकारवालाहरूले छलफल गरी निर्णय गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको अध्यक्षतामा बसेको बैठकले सवारी पार्किङ व्यवस्थापन तथा दुर्घटना न्यूनीकरण सम्बन्धमा सातवटा निर्णय गरेको ग्रीनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतानले बताए। आज भएको छलफलमा विवाह, व्रतबन्धलगायतका कार्यक्रममा अश्लील गीत, सङ्गीतको प्रयोग नगर्ने, राति १० बजेपछि आर्केस्ट्राको प्रयोगमाथि रोक लगाउने, कार्यक्रम आयोजना स्थलमा सम्बन्धित धर्मशाला, होटल, पार्टी प्यालेसले सुरक्षागार्डको व्यवस्था गर्ने र पार्किङको व्यवस्था गर्नुपर्ने निर्णय गरेको छ ।


तस्वीरः प्रतीक

यसैगरी, कार्यक्रम स्थलमा सिसिटिभी चुस्तदुरुस्त राख्ने, घण्टाघर क्षेत्रमा विपी पार्क र माईस्थान, आदर्शनगर, अलखियामठ, छपकैया, बिर्ता क्षेत्रले बिर्ता बजार, इदगाह र खाली ठाउँमा पार्किङ गर्नुपर्ने, कार्यक्रममा प्रयोग हुने सवारीसाधनहरूले पनि 'वन वे'को पूर्ण पालना गर्नुपर्ने निर्णय भएको छ ।

छलफलमा सहायक प्रजिअ भीमकान्त पौडेल, प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्की, प्रहरी निरीक्षक सुमन कार्की, राजेशराज पुरी, छपकैया सामुदायिक केन्द्रका अध्यक्ष ग्यासुद्दीन मियाँ ठकुराई, व्यवस्थित वीरगंज अभियानका संयोजक दिलीपराज कार्की, गोपाल मण्डली, मारवाडी सेवक सङ्घ, कलवार कल्याणकारी समिति, जैन धर्मशालाका क्रमशः सञ्जयकुमार माडु, सुरेश बगेडिया, नन्दकिशोर गुप्ता, राजकुमार बैद, सुनील ममोठलगायतको सहभागिता थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

आगामी कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म जनगणना गर्न सबैको घरमा गणकहरू आउँदै हुनुहुन्छ । जनगणनाको पहिलो चरणको सूचीकरण अभियानमा समावेश भएका वा छुटेका सबै परिवारले गणकहरूलाई आआफ्नो विवरण लेखाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड




# वन समूहको अध्यक्षमा खड्का निर्वाचित

प्रस, ठोरी, ६ मङ्सिर/

ठोरी गाउँपालिका-३ रामबुद्ध सामुदायिक वन समूहको पुनर्गठन भएको छ। चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गतको निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समिति मातहत रहेको सो समूहको अध्यक्षमा केशव खड्का चुनिएका छन् ।

हिजो आइतवार ठोरी-३ रामनगरको गोकर्णेश्वर मन्दिरमा निर्मल-ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतको अध्यक्षतामा सम्पन्न भेलाले अध्यक्ष खड्का, उपाध्यक्ष तारानाथ चिमोरिया, सचिव कृष्णकुमार अधिकारी, सहसचिव चित्रबहादुर गुरुङ, कोषाध्यक्ष गीता अधिकारीलगायत १३ सदस्यीय समिति चयन गरेको छ । १५ सदस्यीय समिति हुने र दुईजनालाई पछि थप गरिने उपभोक्ता समितिका अध्यक्ष बस्नेतले बताए । कार्यक्रम ठोरी गापाकी कार्यपालिका सदस्य वृत्तमाया विकको प्रमुख आतिथ्यमा भएको थियो । उपभोक्ता समिति मातहत सातवटा वन समूह छन् र प्रत्येक पाँच वर्षमा पदाधिकारीहरूको चयन हुने व्यवस्था छ।



तस्वीरः प्रतीक

# बुथ समिति निर्माणमा धाँधली भएको आरोप

प्रस, वीरगंज, ६ मङ्सिर/

परवानीपुर गाउँपालिका-५, बाराका काङ्ग्रेस कार्यकर्ताले सोमवार पत्रकार सम्मेलन गरेर गापाको बुथ समिति निर्माणमा धाँधली भएको आरोप लगाएका छन् ।

गापा एकाइ सभापति कुञ्जबिहारीप्रसाद कुर्मीको सहभागितामा नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाको हलमा आज भएको पत्रकार सम्मेलनमा सहभागी क्रियाशील सदस्यहरूले निर्वाचन विधि नअपनाएर आफूखुशी गोप्यरूपमा निर्णय भएको आरोप लगाए। निर्वाचन अधिकृत राजन दाहालको एकल निर्णयबाट बुथ कमिटीहरू गठन भएको उनीहरूले आरोप लगाए ।


तस्वीरः प्रतीक

सदस्यता विवाद सम्बन्धमा आफूहरू केन्द्रीय कमिटीमा अनशन बसेको र १२औं तथा १३औं महाधिवेशनमा क्रियाशील सदस्य रहेकाहरूलाई मात्रै मतदान गर्ने अधिकार दिएको भएपनि नौजनाको सदस्यता गोप्यरूपमा थपिएको हुँदा सो सच्याउनुपर्ने पनि माग गरे ।

## आवश्यकताको........

सुनकोशी दोस्रो र तेस्रो अध्ययन भइरहेको छ। वाग्मती र गण्डकी प्रदेशको सीमामा रहेको एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना अध्ययन सम्पन्न भएको लामो समय भएपनि निर्माणमा जान सकेको छैन ।

सरकारले सो आयोजनाको निर्माण ढाँचा टुङ्गो लगाउने तयारी गरेको छ । यस्तै, गण्डकी, कर्णाली, लुम्बिनी, सुदूरपश्चिममा पनि जलाशययुक्त आयोजना निर्माण गर्ने गरी प्रक्रिया अगाडि बढाइएको छ । ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजना महत्त्वपूर्ण र अर्थपूर्ण रहेको ठहरसहित त्यसैमा जोड दिइएको छ ।

जलाशययुक्त आयोजना लागत र समयका हिसाबले पनि बढी जटिल हुने भएकाले निजी क्षेत्रले आँट गरिहालेको छैन । सरकारले आन्तरिक स्रोत तथा बहुपक्षीय दातृ निकायको सहयोगमा अर्धजलाशय र जलाशययुक्त आयोजना निर्माण शुरू गरिहाल्नुपर्ने निजी क्षेत्रको पनि सुझाव छ। सङ्खुवासभामा भारतीय कम्पनीले ९०० मेगावाट क्षमताको अरुण तेस्रोको निर्माण गरिरहेको छ ।

यस्तै, प्राधिकरणले माथिल्लो अरुण अगाडि बढाउने तयारी गरेको छ । यसैगरी दूधकोशीसमेत छिट्टै निर्माणमा जाँदैछ। यसले मुलुकको आर्थिक समृद्धिको ढोकासमेत खोल्नेछ ।

# खेलकूदको संसार

## भलिबल प्रतियोगिताः निचुटासँग बेलवा पराजित

प्रस, पंचगावाँ, ६ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिकामा बालिकामैत्री भलिबल प्रतियोगिता शुरू भएको छ। एक्शन एडको साझेदारीमा दिव्य युवा क्लब पर्साले आज र भोलि दुई दिन बालिकामैत्री भलिबल प्रतियोगिताको आयोजना गरेको हो। आज भएको पहिलो खेलमा नेरामावि निचुटाले नेरामावि बेलवालाई पराजित गऱ्यो । निचुटाकी दीपिका शर्मा खेलको 'वुमन अफ दी म्याच' घोषित भइन्। भोलिको प्रतिस्पर्धा नेरामावि रङ्गपुर र सुगौलीबीच हुने र सोको विजेताले आजको विजेता निचुटासँग फाइनल खेल्नेछ ।


तस्वीरः प्रतीक

प्रतियोगिताको उद्घाटन गर्दै गापा उपाध्यक्ष ममता महतोले प्रतियोगिताले बालिकाहरूमा सकारात्मक सन्देश प्रवाह गर्ने दाबी गरिन् । उनले छोरीलाई घरायसी काममा मात्रै प्रयोग गर्दै आएको हाम्रो समाजमा यसखाले कार्यक्रमले परिवर्तन ल्याउने बताइन् । दिव्य युवा क्लबका कार्यकारी निर्देशक रामाकान्त पटेलले शिक्षाका साथै बालिकाको शारीरिक तन्दुरुस्तीका लागि अतिरिक्त क्रियाकलापको आयोजना गरिएको बताए । उनले भलिबल प्रतियोगिताले बालिकामैत्री वातावरण सिर्जना गर्न सहयोग पुग्ने दाबी गरे ।

## 'ए' डिभिजन लिग फूटबल : मछिन्द्र क्लब विजयी

काठमाडौं, ६ मङ्सिर/रासस

साबिक विजेता मछिन्द्र फूटबल क्लबले न्यूरोड टीम (एनआरटी)लाई पराजित गर्दै शहीद स्मारक 'ए' डिभिजन लिग फूटबलमा विजयी सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सोमवार भएको खेलमा न्यूरोड टीम एनआरटीलाई २-१ गोलअन्तरले पराजित गर्दै मछिन्द्रले सुखद सुरुआत गरेको हो । मछिन्द्रका लागि सुनील बलले दुई गोल गरे । एनआरटीका लागि एरिक विष्टले सान्त्वना गोल गरे ।

खेलको १२औं मिनेटमा बलले गोल गर्दै मछिन्द्रलाई सुरुआती अग्रता दिलाए। विशाल राईको पासमा उनले गोल गरे। त्यस्तै, खेलको ५४औं मिनेटमा विष्टले फ्री-किक प्रहार गर्दै गोल गरे। देवेन्द्र तामाङले स्टेफेन समीरलाई फउल गरेपछि एनआरटीले फ्री-किकको अवसर पाएको थियो। एरिकले त्यसको सदुपयोग गर्दै गोल गरे। खेलको ८०औं मिनेटमा सुनीलले व्यक्तिगत दोस्रो गोल गर्दै मछिन्द्रलाई २-१ ले जीत दिलाए। जीतसँगै मछिन्द्रले पहिलो खेलमा ३ अङ्क जोडेको छ। सो खेलको 'म्यान अफ दी म्याच' मछिन्द्रका सुनील बल घोषित भए ।

## 'प्रथम प्रधानसेनापति राष्ट्रिय लन टेनिस प्रतियोगिता-२०७८' हुँदै

काठमाडौं, ६ मङ्सिर/रासस

नेपाली सेनाले 'प्रथम प्रधानसेनापति राष्ट्रिय लनटेनिस प्रतियोगिता-२०७८' सञ्चालन गर्न लागेको छ। सैनिक मुख्यालय जङ्गी अड्डामा सोमवार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता यही मङ्सिर २७ देखि आगामी पुस ५ गतेसम्म सञ्चालन हुने जानकारी दिइयो ।

प्रतियोगिता आर्मी अफिसर क्लबका दुई कोर्ट र नेपाल लन टेनिस सङ्घको दशरथ रङ्गशालास्थित दुई कोर्टमा सञ्चालन गरिने सैनिक शारीरिक तालीम तथा खेलकूद केन्द्रका प्रमुख महासेनानी मुनाल बस्नेतले जानकारी दिए। खुलातर्फ पुरुष सिङ्गल र डबल, महिला सिङ्गल र डबल तथा भेट्रान्सतर्फ ३५, ४५, ५५ र ६५ वर्षमाथि समूहका सिङ्गल तथा डबल प्रतियोगिता हुनेछन् ।

प्रतियोगितामा अन्तरसरकारीतर्फ पुरुष डबल खुला हुनेछ । तहगतरूपबाटै प्रभावकारी योजनासहित खेलाडीको सीप, कौशल र क्षमता अभिवृद्धि गर्ने उद्देश्य रहेको प्रतियोगितामा क्लबबाट खेलाडी सहभागी हुनुपर्नेछ । विजेता क्लबलाई नगद पुरस्कार, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ। प्रतियोगितामा भाग लिने खेलाडीले सिङ्गलतर्फ रु एक हजार ५०० सय र डबलका लागि रु दुई हजार दर्ता शुल्क कायम गरिएको छ ।

प्रतियोगितामा पुरुष र महिला सिङ्गलतर्फ विजयी, रनर अप र सेकेन्ड रनरअपले क्रमशः रु ५० हजार, रु २५ हजार र रु १५ हजार प्राप्त गर्नेछन् । पुरुष र महिला डबलतर्फ विजयी, रनरअप तथा सेकेन्ड रनरअप हुनेलाई क्रमशः रु ४० हजार, रु २० हजार र रु १० हजार नगदसहितको पुरस्कार प्रदान गरिनेछ। सङ्घका अध्यक्ष ज्योति रानाले ग्राउन्ड र कोर्ट नभएका कारण जतातातै खेल्न नमिल्ने भएपनि बच्चादेखि नै धेरै संलग्न हुने खेलका रूपमा टेनिस रहँदै आएको बताए।

महासचिव मनोहरदास मुलले एउटा कोर्ट बनाउन मिलेको जग्गा भएमा डेढ रोपनीमा बन्ने बताए । कार्यक्रम चलाउन एउटा मात्र कोर्टबाट कठिन हुनेछ । मुलुकमा ३५-४९ जना प्रशिक्षक र पाँच-छ सयजना व्यावसायिक खेलाडी रहेको जानकारी दिइएको छ ।

हरेक राष्ट्रिय खेलकूद प्रतियोगितामा टेनिस खेल सधैंजसो समावेश हुँदै आएको छ । गत दक्षिण एशियाली खेलकूद प्रतियोगितामा नेपालले टेनिसतर्फ महिला सिङ्गल र डबलमा तेस्रो स्थानका साथ पदक प्राप्त गरेको थियो। विश्वमा फूटबल र टेनिस नखेल्ने मुलुक नै नरहेको बताइएको छ ।

# जीतपुरमा सार्वजनिक शौचालय निर्माण हुँदै

प्रस, जीतपुर, ६ मङ्सिर/

जीतपुरसिमरा उपमहानगरपालिका-७ जीतपुर बजारमा सार्वजनिक शौचालयको निर्माण अन्तिम चरणमा छ । रु २१ लाखको लागतमा निर्माण भइरहेको सार्वजनिक शौचालय चाँडै सञ्चालनमा आउने निर्माण समितिका अध्यक्ष विकाश गिरीले बताए । उनले सोमवार शौचालयको छत ढलान भएको र चाँडै प्लास्टर, रङ्गरोगन गरी शौचालय सञ्चालनमा ल्याउने बताए । जीतपुर बजारमा शौचालयको अभाव छ ।